बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

## सामुदायिक पुस्तकालय सवलीकरण अनुदान कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने बारे सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/२९

चालु आ.व. २०८२/०८३ मा यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **सामुदायिक पुस्तकालय सवलीकरण अनुदान कार्यक्रम** सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा "सामुदायिक पुस्तकालय सवलीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को दफा ४ बमोजिमका शर्त पुरा गरेका सामुदायिक पुस्तकालयहरुले **प्रस्तावित बजेटको कार्यान्वयन योजना तथा तोकिए बमोजिमका कागजातहरु** सहित कार्यविधिको **अनुसूची-१ को ढाँचामा आवेदन** यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र (आवेदन दिने अन्तिम मिति २०८२/१०/१३ सम्म) यस कार्यालयमा पेश गर्न काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका इच्छुक सामुदायिक पुस्तकालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

| कार्यक्रम | **१. प्रस्ताव पेश गर्ने सामुदायिक पुस्तकालयले कार्यविधिको दफा ४ बमोजिम पुरा गर्नु पर्ने शर्तहरु** |
|---|---|
| **सामुदायिक पुस्तकालय सवलीकरण अनुदान** | क. पुस्तकालय सार्वजनिक (गैर नाफामुलक) र समुदायस्तरबाट व्यवस्थापन भएको हुनुपर्दछ,<br>ख. सकेसम्म आफ्नै भवन हुनुपर्ने वा नभए कम्तिमा ५ वर्ष लिजमा लिई पुस्तकालय सम्बन्धी कार्यक्रम सञ्चालन भएको,<br>ग. पुस्तकालयको मानव संसाधनका लागि स्थानीय तहबाट वार्षिक रुपमा नियमित अनुदान दिएको प्रमाण पत्र,<br>घ. पुस्तकालय व्यवस्थापन समिति गठन भएको र पुस्तकालय नियमित रुपमा सञ्चालन भएको,<br>ङ. दैनिक सेवा सञ्चालन गर्न कम्तिमा १ जना कर्मचारी व्यवस्था भएको,<br>च. अनुसूची १ बमोजिमको पुस्तकालय सवलीकरण प्रस्तावको साथमा पुस्तकालय व्यवस्थापन समितिको निर्णय, स्थानीय तह र कार्यालयबाट सहकार्य गर्ने गरी स्थानीय तहले गरेको प्रतिवद्धता पत्र पेश गर्नुपर्ने,<br>छ. सहकार्यका लागि कार्यालयबाट उपलब्ध गराइने अनुदान रकमबाट पुस्तक, पत्रपत्रिका, विद्युतीय पुस्तकालय सेवा, शैक्षिक सूचना प्रविधि, कम्प्युटर, प्रिन्टर, फोटोकपी, फर्निचर आदि जस्ता क्षेत्रमा उपयोग गर्नुपर्नेछ।<br>ज. विगत आर्थिक वर्षमा प्रदेश सरकारबाट यो कार्यक्रम परेका पुस्तकालयहरुले आवेदन गर्न पाइने छैन। |
| | **२. प्रस्तावनाका साथ पेश गर्नु पर्ने कागजातहरु** |
| | क. प्रस्तावित बजेटको कार्यान्वयन योजना,<br>ख. स्थानीय तहले पुस्तकालयलाई वार्षिक रुपमा अनुदान प्रदान गर्ने गरेको भए सो प्रमाण खुलेको कागजात, साथै स्थानीय तहबाट कार्यक्रम सञ्चालनका लागि सहकार्य गर्ने प्रतिवद्धता पत्र,<br>ग. अन्य संघसंस्थाबाट सहयोग प्राप्त गर्ने गरी सम्झौता भएको भएमा सो सम्झौता पत्रको प्रतिलिपि<br>घ. जग्गाधनी प्रमाण पुर्जा, भोगाधिकार, लिजमा लिएको प्रमाण<br>ङ. सामुदायिक पुस्तकालय दर्ता प्रमाण पत्र प्रतिलिपि<br>च. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्र प्रतिलिपि तथा पुस्तकालय नवीकरण भएको प्रमाण पत्र प्रतिलिपि,<br>छ. कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी पुस्तकालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि<br>ज. पुस्तकालय रहेको घरको स्वामित्व खुलेको प्रमाण तथा लिजमा लिएको भए कम्तिमा ५ वर्षका लागि लिएको प्रमाण खुलेको कागजात<br>झ. प्रस्तावनामा उल्लेख गरिएका विवरण पुष्टि हुने थप कागजातहरु तथा तस्वीरहरु<br>ञ. अनुसूची-२ बमोजिमको मूल्याङ्कनका सूचकहरुलाई पुष्टि हुने प्रमाणित कागजातहरु। |
| स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। | |

**पुनश्च:** सम्बन्धित कार्यविधि लगायत यस सूचनाको विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट https://sdokavre.bagamati.gov.np/ हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८४७१२३३८१ वा ९८५१४०१३२६ मा सम्पर्क गर्न सकिनेछ।

रन माया दर्याके
कार्यालय प्रमुख